क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्ष: २०, अङ्क: ३९, २०८२ साउन ७ गते बुधबार (23 Jul., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# सुक्खा बन्दरगाह निर्माण सुरू

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ६ साउन**

कञ्चनपुरको दोधारा चाँदनी नगरपालिका-१ स्थित सुक्खा बन्दरगाह निर्माण सुरू भएको छ। आज नेपाल इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेल र सुक्खा बन्दरगाह निर्माण कम्पनी कम्ट कन्ट्रूक्सनका सञ्चालक सुनिल शर्माले संयुक्त रूपमा निर्माण कार्यको शुभारम्भ गरे ।

समितिका कार्यकारी निर्देशक गजुरेलले बन्दरगाह निर्माणमास्थलका रुख कटानको काम सम्पन्न भइसकेपछि भारतीय निर्माण कम्पनीलाई काम गर्नका लागि मन्त्रालयमार्फत पत्राचार भइसकेको जानकारी दिए । सोहीअनुसार भारतीय निर्माण कम्पनीले आजदेखि बन्दरगाह निर्माणको प्रारम्भिक काम सुरू गरेको छ ।

'निर्माण कार्यको प्रारम्भिक काम सुरू भएको छ, पहिलो चरणमा यहाँ फिलिङ, पर्खाल निर्माण र निर्माणको लागि आवश्यक सामग्री ल्याउने काम गर्नुहुन्छ', उनले भने, 'यसको विधिवत् रूपमा दुवै देशका प्रधानमन्त्रीहरूले शिलान्यास गर्नुहुन्छ', उनले निर्माण सुरू भएकाले चाँडै बन्दरगाह निर्माण हुने बताए ।

कार्यकारी निर्देशक गजुरेलका अनुसार सुदूरपश्चिम मात्रै नभएर नेपालकै आर्थिक विकासमा टेवा पुग्नेछ। उनले भने, 'यो व्यापारिक पूर्वाधारले भारतबाट आयात मात्रै नभएर निर्यात गर्नेगरी उद्योगधन्दा खेल्नुपर्छ।' बन्दरगाह निर्माणपछि तेस्रो मुलुकसँग निर्यातको ढोका खुल्ने बताए । बन्दरगाह निर्माणका लागि दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशङ्कर सामुदायिक वनमा एक हजार ७०५ रुख कटानी भएका छन्। भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाहका लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सोही सम्झौताअनुसार भारतीय पक्षले बन्दरगाह निर्माणका लागि दुई अर्ब ५४ करोड ३१ लख ९९ हजार भारतीय रूपैयाँ लागतमा ठेक्का सम्झौता गरेको छ । विसं २०६४ मा सरकारले कञ्चनपुरको दोधारा चाँदनीस्थित सुक्खा बन्दरगाह निर्माण गर्ने घोषणाले सुदूरपश्चिमका व्यवसायीले तेस्रो मुलुकसँग व्यापारको ढोका खुल्ने अपेक्षा गरेका थिए । दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बने सुदूरपश्चिम प्रदेश विकासको कोसेढुङ्गा हुने सपना देखेका सुदूरपश्चिमवासीले १८ वर्षपछि दोधारा चाँदनीमा सुक्खा बन्दरगाह बन्ने सुनिश्चितता पाएका छन् ।



'दुई घण्टाको दूरीमा रहेको भारतको सबैभन्दा ठूलो औद्योगिक क्षेत्रबाट वस्तु आयात गर्दा ३०० किलोमिटर घुमाएर यहाँ ल्याउनपर्ने बाध्यता जसकारण यातायातमै महँगो शुल्क तिर्नुपर्ने बाध्यता छ ।' उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले भने, 'बन्दरगाह निर्माणपछि सुदूरपश्चिम मात्रै नभई मुलुककै आर्थिक समृद्धि हासिल गर्न ठूलो सहयोग पुग्छ।' अहिले रूपैडियासँगै भैरहवा र वीरगञ्ज नाका प्रयोग गरेर भारतको रूद्रपुर औद्योगिक क्षेत्रमा आयात/निर्यात हुने गरेको छ । 'सुदूरपश्चिममा जडीबुटीलगायतका थुप्रै सम्भावना छन् बन्दरगाह निर्माणपछि हामीले तेस्रो मुलुकसँग पनि व्यापार गर्न सहज हुन्छ', उनले भने, 'यसले वस्तुको लागत त घट्छ नै रोजगारीका सम्भावना समेत खुल्छन् ।' उनले भारतको राजधानी नयाँदिल्ली र उत्तराखण्डस्थित औद्योगिक क्षेत्र रूद्रपुरसम्म सहज पहुँच हुने हुँदा सुदूरपश्चिमको विकासमा ठूलो योगदान मिल्ने बताए। बन्दरगाह निर्माणका लागि प्रयोग हुने ४२ दशमलव ३६ हेक्टर क्षेत्रफलमा दुई वटा गोदाम भवन, भन्सार चेक जाँच भवन, क्वारेन्टाइन भवन, इमिग्रेसन भवन, सुरक्षा भवनललगायतका पूर्वाधार निर्माण हुने इन्टर मोडल यातायात विकास समितिले जनाएको छ ।

नेपालले सुक्खा बन्दरगाहसम्मको छ लेनको पहुँचमार्ग र महाकाली नदीमा चार लेनको पक्की पुल सञ्चालनमा आइसकेको छ । भारत बन्दरगाहसम्मको पहुँचमार्ग निर्माण गरिरहेको छ। सुक्खा बन्दरगाह निर्माणसँगै पश्चिममी नाका सञ्चालनमा आए सुदूरपश्चिम विकासको सम्भावनाको ढोका खुल्ने अपेक्षा गरिएको छ ।




Admissions Open

Class 11 Admissions open

+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ ।

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np

१) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
२) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२ श्रावण १० गते बिहान ८ बजे**
३) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
४) **व्यवस्थापन पढ्ने विद्यार्थीहरुलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

रेडिएण्ट उच्च माध्यमिक विद्यालय

महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# सुप विश्वविद्यालयमा दुई पक्षबीच झडप, भाँडियो स्ववियु चुनाव

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ६ साउन**



सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा स्ववियु निर्वाचनका विषयमा विवाद हुँदा नेपाल विद्यार्थी संघ र अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीबीच झडप भएको छ।

स्ववियू निर्वाचनसम्बन्धी संशोधित नियमावली खारेज हुनुपर्ने भन्दै स्वतन्त्र विद्यार्थीहरुले लगाएको ताला तोडिएपछि नेविसंघ र अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थी झडपको भएको हो । झडपपछि मंगलबार तोकिएको मनोनयन दर्ता स्थगित भएको छ। अर्को सूचना जारी नहुञ्जेलसम्म मनोनयन दर्ता प्रक्रिया स्थगित भएको निर्वाचन अधिकृत कर्णदेव भट्टले बताए ।

स्वतन्त्र विद्यार्थीहरुले संशोधित नियमावली खारेज, निर्वाचन प्रक्रिया समावेशी र निष्पक्ष हुनुपर्ने र निर्वाचन अधिकृत परिवर्तन गर्नुपर्ने भन्दै सोमबार निर्वाचन कार्यालयमा ताला लगाएका थिए । मंगलबार उक्त ताला तोडिएपछि विवाद हुँदा झडपको स्थिति सृजना भएर चुनावी प्रक्रिया दोस्रो पटक भाँडिएको हो ।

आगामी साउन १४ गते सुदूरपश्चिम विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा स्ववियू निर्वाचनको मिति तोकिएको छ। विद्यार्थीबीचको झडपमा ३ जना विद्यार्थी घाइते भएका छन् । झडपले विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा केही समय निकै तनावको स्थिति सृजना भएको थियो । यो घटनापछि मंगलबार नेविसंघले निर्वाचन अधिकृतको कार्यालयमा ताला लगाएको छ। 'एकपक्षीय ढंगले संशोधन गरिएको निर्वाचन नियमावली खारेज हुनुपर्छ, निष्पक्ष निर्वाचनको वातावरण बन्नुपर्छ,' स्वतन्त्र विद्यार्थी सुरेन्द्र विष्टले भने, 'कुनै व्यक्ति विशेषलाई ल्याउन नियमावली नै संशोधन भएको छ ।' उनका अनुसार गत वर्ष विश्वविद्यालयका आंगिक क्याम्पसमा पुरानै नियमावली अनुसार निर्वाचन भएको थियो । उक्त नियमावली अनुसार विद्यार्थीको अध्ययन सकिएसंगै स्ववियूको कार्यकाल पनि सकिने व्यवस्था थियो ।

तर अहिले सशोधन गरिएको नियमावलीमा भने अध्ययन सकिएपनि स्ववियू कार्यकाल भने निर्धारित समयमै सकिने व्यवस्था गरिएको छ । जुन २०८१ फागुनमा विरश्वविद्यालयको सिनेटले सशोधन गरेको हो । नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य इन्द्र साउँदले विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा प्रशासनसंग छलफलमा बसिरहेका बेला क्रान्तिकारीका विद्यार्थीले पेट्रोल छर्केपछि झडप भएको बताए। उनले प्रहरीले समेत नेविसंघका विद्यार्थीलाई छानी छानी कुटपीट गरेको आरोप लगाए । अनेरास्ववियु क्रान्तिकारीका गणेशर ाज मिश्रले स्वतन्त्र विद्यार्थीका नाममा नेविसंघले चुनाव भाँड्न खोजेको आरोप लगाए । उनले विगतमा पनि नेविसंघले नै निर्वाचन भाडेको आरोप लगाएका छन् ।

अनेरास्ववियुले विज्ञप्ति जारी गर्दै विनाकार ण तालाबन्दी गरेर विद्यार्थीले प्रतिनिधि छान्ने अधिकार कुण्ठित गरेको आरोप लगाएको छ ।

मनोनयन दर्ताका दिन सरोकारवालाको सहमतिमै ताला तोडेर निर्वाचन प्रक्रिया अघि बढिरहेकै बेला नेवि संघ र अखिल क्रान्तिकार ीले चुनाव भाडने मनसायले एक आपसमा झडप गरेको अनेरास्ववियु कञ्चनपुरका जिल्ला अध्यक्ष अमरबहादुर धामीद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचन अधिकृत कर्णदेव भट्टले नियमावली गत वर्ष नै विश्वविद्यालयको सिनेटले गरेको बताए । विद्यार्थी संगठन र १५ वटा आंगिक क्याम्पसका स्ववियू सभापतिको आग्रहमा संशोधन गरिएको उनको दाबी छ ।












## महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर

## भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**

Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि

Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म

Online आवेदनका लागि www.ctevt.org.np अन्तर्गत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।

**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**

मेडिकल ल्याब टेक्नोलोजी ३० जना
समान्य चिकित्सा ४० जना
डिप्लोमा इन फार्मेसी ४० जना
अप्थाल्मिक साइन्स ४० जना

(१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet
(२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी
(५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**

भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५




# साउन लागेसँगै खाली हुँदै गाउँ बस्ती

**–पश्चिम नेपाल संवाददाता**
**बाजुरा, ६ साउन**

बाजुराका अधिकांश गाउँ बस्ती खाली हुँदै गएका छन्। असार धान रोपाइँ सकिएसँगै साउनको पहिलो हप्ता देखि यहाँका युवा सबै रोजगारीका लागि धमाधम भारत जान थालेपछि ती गाउँ बस्ती यती बेला दिनप्रतिदिन खाली हुँदै गएका हुन्।

गाउँमा रोजगारीका सम्भावना केही छैन । जेठको महिना धान रोपाइँ गर्नका लागि घरमा आएको हो । असारमा रोपाइँ सकिएपछि अहिले रोजगारीका लागि फेरि भारतमा जान थालेको बुढीगङ्गा नगरपालिका-१० का स्थानीय सुरत लुहारले बताए ।

उनले भने, 'पहिले हजुरबुवा र बुवाले पनि भारतमा नोकरी गरी गाउँमा हामीलाई पाल्नु भएको थियो । अहिले मैले पनि भारतमा नोकरी गर्दै घर परिवार पाल्ने गरेको छु ।' गाउँका युवाहरूलाई स्थानीय सरकारले गरी खाने कहीँ उपाय दिन्छन् की भन्ने लागेको थियो। अहिले उल्टै स्थानीय सरकारले गाउँमा भएका विकासका काममा पनि बाहिर देखि कामदार ल्याउने गरेकोले युवाको रोजगारी समेत खोस्दै गएको लुहारले बताए । बदेडा गाउँमा झन्डै दुई सय परिवारको बसोबास छ ।

अहिले यी प्रत्येक घरका सबै युवा भारतका विभिन्न ठाउँमा काम गरिरहेका छन् । सबै भन्दा बढी बुढीगङ्गा नगरपालिका युवा प्राय बढी भारतमा जाने गर्दछन्। यहाँका युवा मात्र होइन महिला पनि भारतमा गएर रोजगारी गर्ने गरेका छन् । बुढीगङ्गा नगरपालिका-१० बदेडा तिमाडा सिगाडाका धेरै पुरुष तथा महिलाहरू कामको खोजीमा भारतमा जाने गर्दछन् । त्यहाँ पुरुष चौकीदारी र महिलाहरूले घर(घरमा गएर खाना पकाउने लुगा धुने काम गर्दछन्। अहिले गाउँमा युवा कोही छैन । पढे नपढेका सबै युवा साउन लागेसँगै भारतमा गएपछि यहाँका गाउँ बस्ती युवा विहीन बनेका छन् । असारको अन्तिममा रोपाइँ सकियो ।

गाउँमा अन्य केही काम छैन । गाउँमा केही काम नभएपछि अहिले रोजगारीका लागि भारतमा जान थालेको बडिमालिका नगरपालिका-६ मनाका रामबहादुर साउँदले बताए। उनले भने, 'यति बेला भारतको सिम्लामा स्याउ पाक्ने समय हो। त्यही स्याउ बोक्नका लागि गाउँका धेरै युवा भारतको सिम्ला जाने गरेका छन् ।' असारमा रोपाइँ सकेर यहाँका धेरै युवा सिम्ला जान्छन् । त्यहाँबाट दुई चार लाख कमाइ गरेर फेरि दसैँमा घर आउने गरेको साउँदले बताए ।

भारतमा गएर गाउँमा परिवार पाल्ने चलन बाजुरामा पहिलादेखि अहिलेसम्म उस्तै रहेको छ। कामका लागि जसरी पहिला यहाँका स्थानीय भारतमा जाने गर्थे अहिलेका युवा पनि कामका लागि भारत नै जाने गर्दछन्। जिल्लाको हिमाली, बुढीनन्दा, स्वामिकार्तिक, जगन्नाथ, बडिमालिका, गौमुल, बुढीगङ्गा त्रिवेणी र छेडेदह लगायतका अधिकांश युवा यती बेला असार खेती सकिएसँगै कामको खोजीमा भारतका विभिन्न ठाउँमा जाने गर्दछन् । बेरोजगार युवालाई गाउँमै राख्ने गरी प्रत्येक वर्षमा कृषि कार्यक्रम सञ्चालन ल्याएको कतिपय यहाँका स्थानीय तहले जनाएका छन् । प्रधान मन्त्री स्वरोजगार बाहेक अहिले गाउँमा युवाका लागि केही अवसर नभएको त्रिवेणी नगरपालिकाका रोजगार संयोजक अर्जुन रोकायाले बताए। उनले भने, 'गत आर्थिक वर्ष २०८१/०८२ मा यहाँका झन्डै असी जनाले गाउँमा काम पाउने गरेका थिए ।'

यो वर्ष रकम आएको छैन। यहाँका बेरोजगार हरु गाउँमै राख्ने गरी स्थानीय सरकारले केही व्यवस्था गर्नु पर्ने हो । त्यो गर्न नसक्दा यहाँका युवाहरू यती बेला धमाधम भारतमा जाने गरेको संयोजक रोकायाले बताए ।

यती बेला असार खेती लगाएर भारतमा काम खोज्न जानेको सङ्ख्या निकै बढेको छ। एक दिनमा झन्डै दुई सयको हाराहारीमा यहाँका युवाहरू गाउँ देखि बाहिरिने गरेका छन् । त्यस मध्ये एक सय जना भन्दा बढी भारतमा जाने रहेको टिकट काउन्टर बाम्का बजारले जनाएको छ ।

बाजुरामा नौ वटा स्थानीय तह रहेका छन् । ती स्थानीय तहमा राष्ट्रिय जनगणना २०७८ अनुसार झन्डै २४ हजार ४४३ घरधुरी छन्। बडीमालिकामा तीन हजार ४४६, त्रिवेणीमा तीन हजार ३५०, बुढीगङ्गामा चार हजार २७७, बुढीनन्दमा तीन हजार ४५२, गौमूलमा एक हजार ६५०, हिमालीमा एक हजार ७२२, जगन्नाथमा एक हजार ६८४, स्वामीकार्तिकमा दुई हजार २२३ र खप्तडछेडेदहमा तीन हजार १७४ गरी २४ ४४३ घरपरिवार बसोबास गर्दै आएका छन् ।

# बाढीपहिरो पीडितलाई इनड्राइभको घर



**काठमाण्डौं** : विश्वव्यापीमोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म (इनड्राइभ)ले बाढी र पहिरोबाट विस्थापित परिवारहरूका लागि तयार पारिएका दिगो प्रकृतिका नयाँ घरहरूको साँचो आधिकारिक रूपमा हस्तान्तरण गरेको छ ।

यस पहल अन्तर्गत इनड्राइभले राष्ट्रिय विपद् व्यवस्थापन केन्द्र (NCDM) सँगको सहकार्यमा निर्माण गरिएका पाँचओटा घरको साँचो सम्बन्धित परिवारहरूलाई औपचारिक रूपमा हस्तान्तरण गर्यो । साथै, यस अभियानमा, प्रभावितभएका घरपरिवारहरू लाई अत्यावश्यक सामग्रीहरूको वितरण पनि गरिएको छ ।

नवनिर्मित घरहरू बाढी र पहिरो पीडितहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न स्थानीय समुदायसँगको परामर्शमा तयार गरिएको हो। बाँस र माटो प्रयोग गरेर निर्माण गरिएका घरहरूले दिगोपन र सांस्कृतिक प्रासंगिकता दुवैप्रति प्रतिबद्धता दर्शाउँछ, जसले परिवारहरूलाई स्थानीय परिस्थितिहरूको सामना गर्न डिजाइन गरिएको टिकाउ, र वातावरणीय रूपमा उपयुक्त संरचनाहरू प्रदान गर्दछ ।

इनड्राइभका एपीएसी कम्युनिकेसन लिड पवितनन्दा आनन्दले भनिन्, 'इनड्राइभमा हाम्रो मिसनकेवल राइड सर्भिसमा मात्र सीमित छैन, यो दीर्घकालीन, सार्थक, अर्थपूर्ण रदिगो परिवर्तन सिर्जना गर्ने यात्रासँग सम्बन्धित छ ।

यो सहकार्य मार्फत हामी केवल बसोबासको व्यवस्थामात्र गरिरहेका छैनौं, बाढी र पहिरोबाट सबैथोक गुमाएका परिवारहरूमा स्थिरता, सम्मान र आशाको पुनःस्थापना गरिरहेका छौं । हामी उनीहरूलाई आफ्नो भविष्य पुनर्निर्माण गर्ने यात्रामा स्वतन्त्र निर्णय लिने अधिकार र नयाँ आत्मविश्वासका साथ सँगै उभिन पाउँदा गर्व गर्छौं । इनड्राइभले सदैव समुदाय केन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिँदै आएको छ । इनड्राइभ यस्तै साझेदारीहरू मार्फत समावेशी, सुरक्षितर सशक्त समुदायनिर्माण गर्न कटिबद्ध रहेको छ ।

इनड्राइभमा एपीएसीका रिजनल डाइरेक्टर मार्क टलीले भने, 'इनड्राइभको मुख्य उद्देश्य सामाजिक अन्यायलाई चुनौतीदिनु हो, र हामीले थालेको यो पहल सोही उद्देश्यको प्रत्यक्ष प्रतिबिम्ब हो ।

हाम्रो लक्ष्य सन् २०३० सम्ममा एक अर्ब मानिसहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु हो, त्यो पनि समुदाय संचालित र दिगो कार्यहरू मार्फत। यी बनाइएका घरहरू केवलबाँस र माटोले बनेका संरचनाहरू मात्रनभई, घरवार गुमाएका परिवारहरूका लागि पुनःजीवन सुरु गर्न सक्ने सुरक्षित स्थान हुन् जसले उनीहरूलाई फेरि आत्मबल दिनेछ ।

हामीले सम्पूर्ण निर्माण प्रक्रिया स्थानीय समुदायसँगको निकट समन्वयमा सम्पन्न गरेका छौं, जसले हरेक परिवारलाई आफ्नो आवश्यकता अनुसारको घर छनोट गर्ने स्वतन्त्रता दिएको छ । यस प्रक्रियाले मानिसहरूकै आवाज र चाहनालाई प्राथमिकतामा राखेको छ । एनसीडीएम सँगको हाम्रो सहकार्यले लचिलोपन, र 'पिपुल फर्स्ट' भन्ने हाम्रो मूल दर्शन लाई झल्काउँछ। हामी विश्वास गर्छौं यस्तो सहयोग र सहकार्यले मात्र दीर्घकालीन समाधान सम्भव हुन्छ ।'

# पूर्वराष्ट्रपतिको सदस्यता नराख्ने एमालेको निर्णय, तीन नेताले लेखे 'नोट अफ डिसेन्ट'

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, ६ साउन**

नेकपा एमालेले पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता कायम नराख्ने निर्णय गरेको छ । यस निर्णयले उनलाई राजनीतिमा आउन नदिने भएको छ । आज बुधबारको केन्द्रीय कमिटीको बैठकले यस्तो निर्णय गरेको हो ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई सक्रिय राजनीतिमा नफर्कन आग्रह गर्ने प्रस्ताव पार्टी बैठकमा गरेका थिए । सो प्रस्ताव पारित भएसँगै विद्या भण्डारीको एमालेमा राजनीति गर्ने बहस तत्काललाई रोकिएको छ ।

अध्यक्ष ओलीले भण्डारीलाई राजनीतिमा नफर्कन पार्टीले आग्रह गर्ने निर्णय सुनाएका थिए । उनले भने, 'पूर्वराष्ट्रपति राजनीतिमा आउन हुँदैन, मिल्दैन ।' नवौं केन्द्रीय कमिटी बैठकले पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी राजनीतिमा आउन नमिल्ने निष्कर्ष निकालेको प्रचार विभाग राजेन्द्र गौतमले बैठकपछि जानकारी दिए ।

'पूर्व राष्ट्रपति देशको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको सिम्वोल, देशको अभिभावक हो', बैठकको निर्णय सुनाउँदै गौतमले भने, 'यस्तो व्यक्ति राजनीतिक दलको नेता कार्यकर्ता हुने कुरा स्थापित मूल्यमान्यता अनुसार हुँदैन। यसले संविधान, मर्म र भावना विपरीत हुन्छ भन्ने निष्कर्ष निकालेको छ।' स्रोतका अनुसार ओलीले बैठकमा कठोर प्रस्ताव गरेपछि उपाध्यक्ष युवराज ज्ञवाली र सुरेन्द्र पाण्डेले प्रतिवाद गरेका थिए ।

यी दुई नेतासहित स्थायी कमिटी सदस्य कर्ण थापाले अध्यक्षको निर्णयमा 'नोट अफ डिसेन्ट' लेखेका छन् ।

## बैठकमा ओलीले सम्झाए दुई धारा

नेकपा एमालेको नवौं केन्द्रीय कमिटी बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई सक्रिय राजनीतिमा फर्कन नदिने निर्णय गरेको छ। बैठकमा एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टीको धारा ८ र ९ को व्याख्या गर्दै भण्डारीको सदस्यता नवीकरण गर्न नसकिने र उनी राजनीतिमा फर्किन नमिल्ने निष्कर्ष सुनाएका हुन्। भण्डारीले स्वेच्छाले सदस्यता त्यागेको भन्दै पुनः सदस्य बन्न सुरु प्रक्रियाबाट जानुपर्ने तर्क अध्यक्ष ओली र उनीनिकटकाले गरेका छन् ।

भण्डारीले पार्टीको ११ औँ महाधिवेशनबाट नेतृत्व लिने तयारीसहित गत असार १४ गते राजनीतिमा फर्किएको घोषणा गरेकी थिइन्। तर केन्द्रीय कमिटीको निर्णयले तत्काललाई उनको योजना पुरा नहुने देखिएको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले बैठकपछि जानकारी दिँदै पूर्वराष्ट्रपति राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको प्रतीक र मुलुकको अभिभावक हुने भएकाले यस्तो व्यक्तिको राजनीतिक दलको नेता वा कार्यकर्ता बन्ने कुरा स्थापित मूल्यमान्यता, संविधानको मर्म र भावना विपरीत हुने भन्दै निर्णय गरिएको स्पष्ट पारे ।

उनले भने, 'पूर्व राष्ट्रपति देशको राष्ट्राध्यक्ष, राष्ट्रिय एकताको सिम्वोल, देशको अभिभावक हो । यस्तो व्यक्ति राजनीतिक दलको नेता कार्यकर्ता हुने कुरा स्थापित मूल्यमान्यता अनुसार हुँदैन । यसले संविधान, मर्म र भावना विपरीत हुन्छ भन्ने निष्कर्ष निकालेको छ ।' पूर्वराष्ट्रपतिको हकमा जनताले उठाउन सक्ने प्रश्न, प्रणाली माथि उठ्न सक्ने प्रश्नलाई रोक्न पार्टीको सक्रिय राजनीतिमा आउन हुँदैन भन्ने निष्कर्षमा पुगेको प्रचार विभाग प्रमुख गौतमले बैठक पछि सुनाए ।

राष्ट्रपति जस्तो गरिमामय पदमा पुगेको व्यक्ति कुनै पार्टीको झन्डा बोकेर हिँड्नु हुँदैन भनेर यो निर्णयमा पुगिएको गौतमले स्पष्ट पारेका थिए। यो एमालेको मात्र नभएर सबै पार्टीको लागि गम्भीर ताको विषय रहेको उनको भनाइ थियो । 'पूर्वराष्ट्रपति प्रति हामी सबैको गौरव छ, हामी अगाडि बढाउने छौँ', उनले सञ्चारकर्मीहरूलाई भने ।

बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले विद्या भण्डारी अब कमरेड विद्या भण्डारी नभएर सम्माननीय पूर्वराष्ट्रपति भएको घोषणा गरेको पनि उनले बताए ।

दुई दिनसम्म चलेको बैठकको समापनमा अध्यक्ष ओलीले उक्त निर्णय औपचारिक रूपमा प्रस्तुत गरेका थिए । यद्यपि बैठकमा सहभागी नेताहरू सुरेन्द्र पाण्डे, युवराज ज्ञवाली र कर्ण थापाले भने उक्त निर्णयप्रति असहमति जनाएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले पार्टीको सक्रिय राजनीतिमा फर्कने निर्णय गरेपछि सो विषयमा बहस सुरु भएको थियो। केन्द्रीय कमिटीको बैठकले त्यसलाई टुङ्ग्याउँदै आउने अधिवेशनबाट पनि वर्तमान पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई नै अध्यक्ष बनाउने निश्चित जस्तै गरेको छ ।

बैठकले ७० वर्षको उमेर हद र दुई कार्यकालको सीमालाई पनि हटाएर ओलीलाई पार्टी अध्यक्ष बन्ने बाटो खुल्ला गरिदिएको छ। यो निर्णय भदौमा हुने विधान अधिवेशनले पास गरेपछि वैधता पाउने छ ।

WESTERN PUBLIC ACADEMY
Admission open
Grade-11
विगत दश वर्षदेखि महेन्द्रनगर बजारको मुटुमा अवस्थित सम्पूर्ण अभिभावक तथा विद्यार्थीहरूको मन मुटुमा बस्न सफल यस श्री वेस्टर्न पब्लिक एकेडेमिमा कक्षा ११ मा नयाँ भर्ना खुलेको जानकारि गराईन्छ ।
HOTEL MANAGEMENT +2
Others Courses
SHORT TERM HOTEL MANAGEMENT
ARTS
- English
- Math
- Nepali
- Sociology
- Health
- Rural Development
MANAGEMENT
- Computer Science
- Account
- Economics
EDUCATION
- English
- Nepali
- Math

सम्पर्क भी.न.पा-१८, बरपिपल चौक कटान, कन्चनपुर 099-520890, 9858750795, 9848726882, 9867315200

SARC EDUCATION FOUNDATION
ADMISSION OPEN-2082
GET YOUR SCHOLARSHIP DON'T WAIT !
SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
LAW
ENTRANCE EXAMINATION FORM DISTRIBUTION GOING ON
ENTRANCE FORM DISTRIBUTION
ASHAD 15TH , 2082
ENTRANCE EXAMINATION DATE
SHRAWAN 2nd, 2082 [11:00 AM]
RESULT ANNOUNCEMENT
SHRAWAN 2nd, 2082

9851162396, 9848751033, 9848751540,9843566302
sarcplustwo@gmail.com
www.sarc.edu.np

छानको बालुवा र गिट्टी चाहिएमा ।

यस सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योगले अत्याधुनिक प्रविधियुक्त मेसिन बाट प्रशोधित उच्चस्तरिय महाकाली नदीको गिट्टी बालुवा, जीरा अब बजार रेट भन्दा सस्तो सर्वसुलभ गुणस्तरीय उत्पादन सुरु भएको जानकारी गराउँदछौं । साथै एकपटक सेवाको मौका दिनुहोस् ।
हाम्रा उत्पादनहरू
बेश 40 m.m, 20 m.m. Down, 12 m.m. Down, 6m.m. जीरा, 15 m.m. Natural
सिद्धनाथ उदयदेव अनमोल क्रसर उद्योग
वेदकोट-९, सुन्दरपुर, कञ्चनपुर
सम्पर्क नं. ९८५११४०६३६, ९८५१०१८०७८, ९८५८७५००९८, ९८४८८७८६७७




मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७